संयुक्त राष्ट्रसङ्घीय

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

# नेपालको तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षात्मक टिप्पणी

## २०७१

इन्सेक

insec

**संयुक्त राष्ट्रसङ्घीय**
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
**नेपालको तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षात्मक टिप्पणी, २०७१**

**प्रकाशन मिति:** २०७१ चैत

**सङ्ख्या:** ३ हजारप्रति

**प्रकाशक:** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार:** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**मानवअधिकार सन्धि अनुसन्धान समन्वय केन्द्र** (एचआरटिएमसीसी)
सचिवालय:

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np, वेभसाइट: www.insec.org.np, www.inseconline.org

---

# विषयसूची

| | | |
|---|---|---|
| भूमिका | | ३ |
| (क) | परिचय | ५ |
| (ख) | सकारात्मक पक्षहरू | ५ |
| (ग) | सरोकारका मुख्य विषय र सिफारिशहरू | ६ |
| | - संविधान निर्माण प्रक्रिया | ६ |
| | - तथ्याङ्क सङ्कलन | ६ |
| | - भ्रष्टाचार | ७ |
| | - मानवअधिकार आयोग | ७ |
| | - आदिवासी जनजातिको अधिकार | ८ |
| | - शरणार्थी | ९ |
| | - जातीय विभेद | ९ |
| | - लैङ्गिक समानता | १० |
| | - परम्परागत हानिकारक प्रथाहरू | ११ |
| | - अनौपचारिक अर्थव्यवस्थामा कामको वातावरण | १२ |
| | - न्यूनतम ज्याला | १३ |
| | - पूर्व बँधुवा मजदुर | १३ |
| | - वैदेशिक महिला कामदार | १३ |
| | - घरेलु हिंसा | १४ |
| | - बालबालिकाको आर्थिक शोषण | १४ |
| | - बालबालिका तथा मानव बेचबिखन | १५ |
| | - गरिबी | १६ |
| | - जबर्जस्ती निकाला र बासस्थानको अधिकार | १६ |
| | - खाद्य अधिकार | १७ |
| | - मातृमुत्यु दर र यौन तथा प्रजनन स्वास्थ्य | १८ |
| | - जेष्ठ नागरिक | १९ |
| | - प्राथमिक शिक्षा र बालिकाको पढाइ छाड्ने दर | १९ |
| | - सांस्कृतिक अधिकार | १९ |
| (घ) | अन्य सिफारिशहरू | २० |

# भूमिका

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई आधार बनाएर अनेकौं अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि तथा दस्तावेजहरूको निर्माण भएको छ। यिनै दस्तावेजहरूमा आधारित भएर मानवअधिकार संरक्षण र प्रवर्धनका लागि विभिन्न अनुगमन, नियमन तथा बहालीको व्यवस्था र सोबाट सिर्जित विभिन्न दायित्वहरू राज्यको लागि तोकिएका छन्।

मानवअधिकारसम्बन्धी नौ ठूला महासन्धिहरूमध्ये आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ नेपालले सन् १९९१ मा अनुमोदन गरेको थियो। यस महासन्धिको पक्षराष्ट्र भएपछि प्रत्येक पाँच वर्षमा यी अधिकारसम्बन्धी अवस्थाको बारेमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिमा आवधिक प्रतिवेदन पठाउनु राज्यको दायित्व हुन्छ। नेपालले यस महासन्धिको तेस्रो आवधिक प्रतिवेदन सन् २०११ को जुलाई १२ (२०६८ असार २८) मा समितिसमक्ष प्रस्तुत गरेको थियो।

मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको संलग्नतामा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको परिपालनाको अवस्थाको अनुगमन गर्न सन् २००३ मा स्थापित "**मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र**" ले पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गैरसरकारी संस्थाहरूको तर्फबाट नागरिक समाजको प्रतिवेदन समितिसमक्ष प्रस्तुत गरेको थियो।

नेपालको उक्त प्रतिवेदनमाथि २०१४ नोभेम्बर १९ र २० (२०७१ मङ्सिर ३ र ४) मा सम्पन्न समितिको ५६ औँ र ५७ औँ सत्रमा छलफल भएको थियो। छलफलमा नेपाल सरकारका प्रतिनिधिहरू तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको उपस्थिति रहेको थियो। सरकारका प्रतिनिधिहरू र समितिका सदस्यहरूको औपचारिक छलफलपछि प्रतिवेदनका सम्बन्धमा समितिले २०१४ नोभेम्बर २८ (२०७१ मङ्सिर १२) मा निष्कर्षात्मक टिप्पणी (Concluding Observations) जारी गरेको हो।

उक्त टिप्पणी नागरिक समाजका सदस्यहरू तथा सबै सरोकारवाला निकायहरूलाई सचेत गराउन उपयोगी हुने भएकोले नेपाली भाषामा अनौपचारिक अनुवाद गरी यो पुस्तिका प्रकाशन गरिएको हो। मानवअधिकार समुदायलगायत यस सम्बन्धमा अध्ययन गर्न चाहने सबैलाई यो पुस्तिका उपयोगी हुने विश्वास लिइएको छ।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

# आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति नेपालको तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षात्मक टिप्पणी*

१) नेपालले प्रस्तुत आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिले गरेको तेस्रो आवधिक प्रतिवेदन (E/C.12/NPL/3) १९ र २० नोभेम्बर २०१४ मा भएको ५६ र ५७ औं बैठकमा अध्ययन गऱ्यो। समितिले २८ नोभेम्बर २०१४ मा भएको आफ्नो ७० औं बैठकमा आर्थिक, सामाजिक तथा सांस्कृतिक निम्नानुसारको निष्कर्षात्मक टिप्पणी पारित गऱ्यो।

## (क) परिचय

२) तेस्रो आवधिक प्रतिवेदन र सूचिकृत विषयवस्तुहरूमा (E/C.12/NPL/Q/3/Add.1) लिखित जवाफ प्रस्तुत गरेकोमा समिति स्वागत गर्दछ। उच्चस्तरीय सरकारी पक्ष र प्रतिनिधि मण्डलसँग अन्तरक्रिया गर्न पाएकोमा समिति धन्यवाद ज्ञापन गर्दै रचनात्मक छलफलको लागि आभार व्यक्त गर्दछ।

## (ख) सकारात्मक पक्षहरू

३) पक्षराष्ट्रले निम्नलिखित अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन गरेकोमा समिति स्वागत गर्दछ।

- क) सन् २०१० मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेख;
- ख) अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रङ्घीय महासन्धि, २००६ तथा मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन रोकथाम, नियन्त्रण र सजायसम्बन्धी इच्छाधीन आलेख २००८;

४) पक्षराष्ट्रले निम्नलिखित नीति र कानुनी प्रकृया अवलम्बन गरेकोमा समिति स्वागत गर्दछ:

- क) सङ्गठित अपराध नियन्त्रण ऐन, २०७१;
- ख) जातीय विभेद र छुवाछूत (अपराध तथा सजाय) ऐन, २०६८;
- ग) घरेलु हिंसा ऐन, २०६६;
- घ) मानवअधिकार कार्ययोजना २०७१-२०७५;
- ङ) बहुआयामिक पोषण योजना, २०६९;

* समितिको त्रिपन्नौं सत्र (२०१४ नोभेम्बर १०-२८ मा) ग्रहण गरिएको

च) लैङ्गिक क्षमता अभिवृद्धि र लैङ्गिक हिंसा अन्त्य गर्ने राष्ट्रिय योजना र कार्ययोजना, २०६९/७०-२०७३/७४;

छ) मानव बेचविखन विरुद्ध राष्ट्रिय कार्ययोजना, २०६७/६८;

ज) बाल श्रम उन्मूलनसम्बन्धी राष्ट्रिय गुरुयोजना, २०६७/६८;

## (ग) सरोकारका मुख्य विषय र सिफारिशहरू

## संविधान निर्माण प्रक्रिया

५) पक्षराष्ट्रले २०६३ मा जारी गरेको अन्तरिम संविधानमा समाविष्ट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मध्यनजर गर्दै समिति नयाँ बन्ने संविधानको मस्यौदा अन्तिम नभएकोमा चिन्ता व्यक्त गर्दछ। स्थिर संवैधानिक संरचनाको अभावमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण पालनामा बाधा पुग्ने कुरामा समितिको विशेष सरोकार रहेको छ। (धारा २)

***पूर्वनिर्धारित समयमा यथाशीघ्र संविधान निर्माण गरी जारी गर्न पक्षराष्ट्रलाई समिति आह्वान गर्दछ । नयाँ बन्ने संविधानमा (क) महासन्धिमा भएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुरक्षा सुनिश्चित गर्न, (ख) अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरूलाई संवैधानिक हैसियत प्रत्याभूत गर्न र (ग) महिला तथा पिछडिएका र सिमान्तकृत व्यक्ति तथा समुदायले उपभोग गरिरहेका अधिकारको प्रयोगमा कुनै किसिमको हस्तक्षेप नहुने सुनिश्चित गर्न समिति सिफरिश गर्दछ ।***

## तथ्याङ्क सङ्कलन

६) महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको कार्यान्वयनलाई प्रभावकारी ढङ्गले मूल्याङ्कन गर्नाका लागि पक्षराष्ट्रले समितिलाई पर्याप्त तथ्याङ्क उपलब्ध नगराएकोमा समिति दु:ख प्रकट गर्दछ। (धारा २)

***पक्षराष्ट्रले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोगको स्तरको स्पष्ट मापनको नियमित र व्यवस्थित मूल्याङ्कनको उचित व्यवस्था गर्न, मानवअधिकारको व्यवहारिक तथा पद्धतिको संरचनासमेतको निरन्तर अध्ययन गर्न, मानवअधिकार उच्च आयुक्तको कार्यालयले तयार पारेको मानवअधिकारको मापनको सैद्धान्तिक तथा पद्धतिको संरचना निरन्तर प्रयोग गर्न र यस प्रकारको तथ्याङ्क आगामी आवधिक प्रतिवेदनमा समावेश गराउन समिति सिफारिश गर्दछ ।***

## भ्रष्टाचार

७) पक्षराष्ट्रले भ्रष्टाचारलाई रोक्न र नियन्त्रण गर्न अवलम्बन गरेका उपाय जस्तै भ्रष्टाचार निवारण ऐन, २०५९, सतर्कता केन्द्र र अन्य निकायको स्थापना नीति तथा निर्देशिकाहरू अध्ययन गर्दै भ्रष्टाचारले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका उपलब्ध भएका स्रोतको अधिकतम् प्रयोगमा नकारात्मक असर पार्नेतर्फ समितिले सरोकार व्यक्त गर्दछ। साथै पीडितलाई उपलब्ध गराएको राहतको तथ्याङ्क उपलब्ध नभएकोमा पनि समिति सरोकार व्यक्त गर्दछ। (धारा २।१)

***समिति पक्षराष्ट्रलाई निम्नलिखित अनुरोध गर्दछः***

क) सार्वजनिक सरोकारहरूका कार्यहरू कानुनी र व्यवहारिक रूपमा निष्पक्ष र उत्तरदायी रूपमा सञ्चालन भइरहेको सुनिश्चित गरी भ्रष्टाचार नियन्त्रण र असल शासन लागू गर्ने प्रयास तीब्र पार्न;

ख) भ्रष्टाचारको आर्थिक तथा सामाजिक मूल्यका सम्बन्धमा राजनीतिज्ञ, सांसद तथा स्थानीय अधिकारी र ग्रामीण क्षेत्र समेतका सामान्य जनताहरूमा जनचेतना बढाउने कार्यक्रम सञ्चालन गर्न;

ग) भ्रष्टाचार विरुद्धको कानुनको प्रभावकारी कार्यान्वयन गर्न न्यायाधीश, सरकारी वकिल र प्रहरीलाई जागरुक गराउन तथा तालिम दिन;

घ) भ्रष्टाचार विरुद्ध आवाज उठाउने विरुद्ध हुन सक्ने बदलाभावजन्य कार्यबाट सुरक्षा दिन ।

## मानवअधिकार आयोग

८) मानवअधिकार आयोग ऐन, २०६८ मा समेटिएका आयोगको स्वतन्त्रता, कार्यादेश र अधिकारमा पुग्ने बाधा र कमी कमजोरीप्रति समिति सरोकार व्यक्त गर्दछ। मानवअधिकार आयोगमा आर्थिक स्वतन्त्रता र कर्मचारी भर्नासम्बन्धी अधिकार नहुने तथ्यप्रति पनि समिति सरोकार व्यक्त गर्दछ। सर्वोच्च अदालतले सन् २०६९ फागुन २३ गते ऐनका केही प्रावधान अमान्य र शून्य घोषित गरेको फैसला पक्षराष्ट्रले हालसम्म कार्यान्वयन नगरेकोमा समिति चिन्ता व्यक्त गर्दछ। (धारा २)

***सर्वोच्च अदालतको फैसला र पेरिस सिद्धान्त (General Assembly resolution 48/134, annex) बमोजिम मानवअधिकार आयोग ऐन, २०६८ मा कार्य***

*सञ्चालन गर्न आवश्यक पर्ने स्वतन्त्रता, कार्यादेश र अधिकार सुनिश्चित गर्नका साथै आर्थिक स्वतन्त्रता हुने गरी संशोधन गर्न समिति सिफारिश गर्दछ।*

## आदिवासी जनजातिको अधिकार

९) पक्षराष्ट्रले आदिवासी जनजातिको पहिचानमा प्रगति गरेको भए तापनि केही आदिवासी जनजाति समूहले माग गरेबमोजिम पहिचान दिलाउने प्रकृया अझ पूर्ण नभएको जानकारी समितिमा प्राप्त भएको छ। आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिबेगर पक्षराष्ट्रले विकासका कार्यक्रम लागू गरी आदिवासी जनजातिलाई परम्परागत रूपमा भोग गरिआएको जमिन, क्षेत्र र स्रोत उपभोग गर्नबाट वञ्चित गरेको सूचनाप्रति समिति सरोकार व्यक्त गर्दछ। पक्षराष्ट्रले आईएलओ महासन्धि १६९ अनुमोदन गरे तापनि आदिवासी जनजातिको सामूहिक अधिकार भएका जमिन सुनिश्चित गर्ने कुनै कानुनी प्रावधान नभएकोमा समितिको चासो रहेको छ। (धारा १)

*पक्षराष्ट्रलाई निम्नानुसार गर्न समिति सिफारिश गर्दछः*

क) आदिवासी जनजातिका सम्बोधन नभएका अधिकारहरू सुनिश्चित गर्ने प्रकृया यथाशीघ्र पूरा गर्न;

ख) आदिवासी जनजातिलाई संविधान सभाको काम र आफूलाई प्रभाव पर्ने सम्पूर्ण विषयवस्तुमा निर्णय गर्न स्वयम् आफूले छनोट गरेका सदस्यको माध्यमबाट मात्र प्रतिनिधित्व हुने सुनिश्चित गर्न;

ग) पुर्ख्यौली जग्गा, क्षेत्र र स्रोतको भोग, प्रयोग र विकास गर्ने अधिकार प्रत्याभूत गर्ने गरी आदिवासी जनजातिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पूर्ण रूपमा प्रचलन गर्न सक्षम बनाउन;

घ) कुनै विकासका परियोजना लागू गर्नुपूर्व उनीहरूको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति लिन;

ङ) आवश्यक परेमा उपचारात्मक कदम लिन परियोजनामा निरन्तर अनुगमनको विकास गर्न;

च) विस्थापित परिवार र समूहलाई न्यायिक तथा पर्याप्त क्षतिपूर्ति प्रदान गर्न;

छ) राष्ट्रिय कानुनमा आईएलओ महासन्धि १६९ का प्रावधानहरू समावेश गर्न ।

## शरणार्थी

१०) शरणार्थी कानुनमा सर्वोच्च अदालतले २०६४ सालमा कानुन बनाउने आदेश जारी गरे तापनि शरणार्थीको हैसियत सुनिश्चित गर्ने प्रकृया नहुँदा शरणार्थीहरूले आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रचलन गर्न बाधा परिरहेको प्रति समिति सरोकार व्यक्त गर्दछ। पक्षराष्ट्रको अध्यागमन नियमावली, १९९४ बमोजिम शरणार्थी र शरणार्थी हैसियत खोज्नेले राज्यमा तोकिएभन्दा बढी बसोबास गरेमा बढी बसेको दिनबापत जरिवानाको सजाय गर्ने गरेकोमा समिति सरो कार व्यक्त गर्दछ। केही तिब्बती शरणार्थीहरू सूचिकृत नभएकामा र परिचयपत्रको प्रकृयामा नगएकोमा समिति सरोकार व्यक्त गर्दछ। पक्षराष्ट्रले शरणार्थीको हैसियतसम्बन्धी महासन्धि, १९५१ अनुमोदन नगरेकोमा पनि समिति चिन्ता व्यक्त गर्दछ। (धारा २)

***२०६४ सालमा सर्वोच्च अदालतले गरेको आदेशबमोजिम शरणार्थीको संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गर्दै शरणार्थी कानुन लागू गर्न समिति सिफारिश गर्दछ । सम्पूर्ण तिब्बती शरणार्थीलाई दर्ता गर्ने र परिचयपत्र दिने प्रकृया शुरु गर्न पक्षराष्ट्रलाई समिति सिफारिश गर्दछ । शरणार्थीको हैसियतसम्बन्धी महासन्धि, १९५१ को अनुमोदन गर्न पनि समिति सिफारिश गर्दछ ।***

## जातीय विभेद

११) अन्तरिम संविधानको धारा १३ ले प्रत्याभूत गरेको समानता तथा अविभेदको अधिकारले सम्पत्ति तथा जन्मको आधारमा हुने भेदभावलाई समेट्न नसकेकोमा समितिले सरोकार व्यक्त गरेको छ। जातीय विभेद र छुवाछूत (अपराध तथा सजाय) ऐन, २०६८ लागू भए तापनि दलितले अझै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार विशेष गरी शिक्षाको प्राप्ति, स्वास्थ्य, खाद्य, निवास, रोजगारी र आर्थिक उपार्जनसम्बन्धी गतिविधिमा पहुँचमा भेदभाव सहनु परेको र यौन हिंसा, बेचविखन र घरेलु हिंसालगायतका हिंसाको जोखिममा रहने हुनाले दलित महिला विभिन्न प्रकारका विभेदबाट पीडित हुने गरेकोमा समिति सरोकार व्यक्त गर्दछ। राष्ट्रिय दलित आयोगलाई आफ्नो कार्यादेश लागू गर्न पर्याप्त स्रोत उपलब्ध नभएको प्रति समिति सरोकार व्यक्त गर्दछ। (धारा २)

*सदस्य राष्ट्रलाई निम्नानुसार गर्न समिति अनुरोध गर्दछः*

क) सम्पत्ति र जन्मलाई भेदभाव हुने आधारका रूपमा संविधानमा समावेश गर्न;

ख) जातीय विभेद र छुवाछूत (अपराध तथा सजाय) ऐनको प्रभावकारी कार्यान्वयनका लागि कानुन कार्यान्वयन गर्ने अधिकारीलाई संवेदनशील बनाउने, दलितलाई भेदभाव गर्ने विरुद्ध अनुसन्धान र अभियोजन गर्ने र दलित अधिकारको विषयमा जनचेतना फैलाउने अभियान चलाउनेजस्ता कार्यक्रम सञ्चालन गर्न;

ग) दलित अधिकार सुनिश्चित गर्ने र भेदभाव हटाउने जस्ता उद्देश्यलाई निश्चित समयावधिभित्र पूरा गर्ने गरी राष्ट्रिय योजना र कार्य योजना तर्जुमा गर्न;

घ) राष्ट्रिय दलित आयोगलाई सुदृढ बनाउने र आयोगको कार्यादेश पूरा गर्न आवश्यक स्रोत उपलब्ध गराउन;

ङ) दलित महिलाको अधिकार संरक्षण गर्न विशेष र लक्षित मानक तयार गर्न;

च) दलितको उजुरीलाई सहजीकरण गर्न र भेदभावका घटनामा उनीहरूको न्यायमा पहुँच सुनिश्चित गर्न;

छ) दलित पुरुष र महिलाका विरुद्धमा भेदभावपूर्ण कार्य गर्ने दोषीलाई कडा सजाय दिन।

## लैङ्गिक समानता

१२) अपुताली उत्तराधिकार, जमिनको स्वामित्व र सम्पत्तिको अधिकारमा पुरुष र महिलाबीच हुने विभेदप्रति समिति सरोकार व्यक्त गर्दछ। अन्तरिम संविधानको नागरिकताको प्रावधानका बावजुद नेपाली महिलाले सहज रूपले आफ्ना सन्तानलाई राष्ट्रियता हस्तान्तरण गर्न नसक्ने प्रावधानप्रति सरोकार व्यक्त गर्दछ।

***महिलाहरूले उत्तराधिकार र आफ्नो नाममा जग्गा र सम्पत्ति राख्न पाउने अधिकार प्रत्याभूत गर्न स्थानीय प्रशासनिक अधिकारीहरूलाई राष्ट्रियताको विषयमा कानुनी प्रावधानहरू र तिनको प्रभावकारी कार्यान्वयनको विषयमा जानकारी दिने उद्देश्यले जनचेतना फैलाउने कामलाई बढावा दिन समिति सिफारिस गर्दछ। विभेदविरुद्धका कानुनहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने पर्याप्त उपायहरू अवलम्बन गर्न पनि समिति सिफारिस गर्दछ।***

१३) सार्वजनिक तथा राजनीतिक निर्णय गर्ने मामिलामा दलित, आदिवासी, जनजाति तथा महिला समेतको न्यून सहभागिता रहेकोमा समिति सरोकार व्यक्त गर्दछ। पुरुष र महिलाले पाउने ज्यालामा विभेदप्रति समिति सरोकार व्यक्त गर्दछ। (धारा ३,७)

***सार्वजनिक तथा राजनीतिक निर्णय गर्ने मामिलामा दलित, आदिवासी, जनजाति तथा महिलासमेतको सहभागिता बढाउन समिति सिफारिस गर्दछ । अल्पकालीन विशेष उपाय अपनाई महिलाको व्यवसायिक जीवनमा आउने बाधाहरू सम्बोधन गर्न र पुरुष र महिलाको व्यवसायिक अवसरमा समानताको विषयमा शिक्षित गर्न सिफारिस गर्दछ ।***

## परम्परागत हानिकारक प्रथाहरू

१४. जड रुढीवादी प्रवृत्ति र पितृसत्तात्मक सोचका कारणले समाजमा महिला तथा बालिकाविरुद्ध विभेद कायमै रहेकोमा समिति सरोकार व्यक्त गर्दछ। महिला र बालिका जसमा विशेष गरी दलित समुदायका महिला र बालिका, जबर्जस्ती तथा बाल विवाह, बोक्सीको आरोप, देउकी, झुमा, कमलरी, छाउपडी र बादीजस्ता परम्परागत हानिकारक प्रथाहरूबाट पीडित हुनु परिरहेकोमा समिति सरोकार व्यक्त गर्दछ। (धारा ३, १०)

***पक्षराष्ट्रलाई निम्नानुसार कदम चाल्न समिति प्रबल आग्रह गर्दछः***

क. हानिकारक प्रथाहरूलाई निर्मूल पार्ने उपायहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन;

ख. मानवअधिकार हनन भएमा लामो समयसम्म नकारात्मक असर परी रहन सक्छ भनेर सर्वसाधारण विषेशत: यस्ता विकृतिहरू व्याप्त रहेका जिल्ला तथा सामाजिक समूहका व्यक्तिहरूमा जनचेतना फैलाउने अभियान लागू गर्न;

ग. घरेलु हिंसा ऐन, २०६६ लागू गर्न, हानिकारक प्रथाहरूसम्बन्धी घटनाको अनुसन्धान गर्न र पीडकलाई सजाय दिन;

घ. पीडितलाई संरक्षण र पुनर्स्थापनाको व्यवस्था गर्न;

ङ. राष्ट्रिय महिला आयोगले तयार पारेका सबै प्रकारका हानिकारक प्रथालाई आपराधीकरण गर्ने विधेयक ग्रहण गर्न र साथै बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति लागू गर्न।

## अनौपचारिक अर्थव्यवस्थामा कामको वातावरण

१५. अनौपचारिक आर्थिक व्यवस्थामा रोजगाररत (पक्षराष्ट्रका अधिकांश जनता) ज्याला, कार्यावधि, स्वास्थ्य तथा सुरक्षा र सामाजिक सुरक्षा सुनिश्चित नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। समिति महिला, विशेषत: कृषि क्षेत्रका महिलाहरूप्रति, विशेष सरोकार राख्दछ। श्रम नीतिद्वारा अनौपचारिक क्षेत्रसमेतमा सामाजिक सुरक्षा व्यवस्था विकास गर्ने भनी पक्षराष्ट्रले प्रतिबद्धता जाहेर गरे तापनि कुनै सार्थक सफलता हासिल नगरेकोमा समिति चिन्ता व्यक्त गर्दछ। (धारा ६,७, ९)

***पक्षराष्ट्रलाई निम्नानुसार कदम चाल्न समिति सिफारिस गर्दछ:***

क. अनौपचारिक क्षेत्रका कामदारहरूलाई पर्याप्त ज्याला उपलब्ध गराउन, कार्यावधि, स्वास्थ्य तथा सुरक्षासमेतको न्यायिक तथा मैत्रीपूर्ण वातावरण सिर्जना गर्न;

ख. अनौपचारिक क्षेत्रमा विषेश गरी सुत्केरी तथा वृद्धावस्थाका श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता अनुरूप कार्य गर्न आवश्यक उपाय अपनाउन। यस सन्दर्भमा पक्षराष्ट्रले आवश्यकताअनुसार आईएलओसँग प्राविधिक सहयोग लिई साधारण टिप्पणी १९ को सामाजिक सुरक्षासम्बन्धी अधिकारको आधारमा आईएलओको सिफारिश नं. २०२ बमोजिम सामाजिक सुरक्षा निकाय स्थापना गर्न सिफारिस गर्दछ।

५० हजारभन्दा बढी महिला कामदारहरू काठमाडौं उपत्यकाको “मनोरञ्जन” क्षेत्रमा रहेका र उनीहरूलाई हेयको दृष्टिकोणले हेरिने र उनीहरूमाथि दुर्व्यवहार हुने गरेको सूचनाप्रति समिति सरोकार व्यक्त गर्दछ। (धारा ७)

***सन् २००९ मा सर्वोच्च अदालतले “मनोरञ्जन” क्षेत्रको काम नियमन गर्न पञ्चवर्षीय योजना २०१२ देखि २०१६ र यस क्षेत्रमा कार्यरत् महिलाको श्रम तथा सामाजिक सुरक्षासम्बन्धी अधिकारका साथै दुर्व्यवहारबाट सुरक्षा सुनिश्चित गर्न जारी गरेको निर्देशिका कार्यान्वयन गर्न अनुरोध गर्दछ। यस क्षेत्रका महिलाहरूलाई हेयको दृष्टिले हेरिने प्रवृत्तिलाई हटाउन पक्षराष्ट्रले जनचेतना फैलाउने अभियान चलाउन समिति सिफारिस गर्दछ।***

## न्यूनतम ज्याला

१६. न्यूनतम ज्यालासम्बन्धी कानुन लागू गर्न पक्षराष्ट्रलाई परेका समस्याप्रति समिति सरोकार राख्दछ।

***सबै क्षेत्रमा न्यूनतम ज्याला लागू गर्ने कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न ठोस कदम अवलम्बन गर्न समिति सिफारिश गर्दछ ।***

## पूर्व बँधुवा मजदुर

१७. परम्परागत बँधुवा मजदुर (हलिया, कमैया एवम् कमलरी) सम्बन्धी व्यवस्था औपचारिक रूपमा अन्त्य भई उनीहरूको पुनर्स्थापनाका उपाय अपनाइसकेको भए तापनि विशेष गरी पश्चिमी नेपालका पूर्व बँधुवा मजदुरले सीप र खेतीयोग्य जमीनको अभावमा सामाजिक पुन:सम्मिलनमा समस्या भोगिरहेका छन्। तसर्थ उनीहरू तिनै पूर्व जमिनदारकहाँ फर्कन बाध्य भइरहेका छन्, जसबाट प्राय: उनीहरू शोषित हुने गरेका छन्।

***मुक्त बँधुवा मजदुरहरूको पूर्ण पुनर्स्थापना र पुन:सम्मिलनसम्बन्धी अधिकार विशेष गरी खेतीयोग्य जमिनमा पहुँच, बसोबास, खाद्य, स्वास्थ्य सेवा, शिक्षामा पहुँच र आय-आर्जन तथा रोजगारीको लागि व्यवसायिक तालिम सुनिश्चित गर्न समिति पक्षराष्ट्रलाई सिफारिश गर्दछ ।***

## वैदेशिक महिला कामदार

१८. महिलाहरू कामको खोजीमा नेपालबाट प्रस्थान गरिरहँदा विस्थापित केही मुलुकमा अस्वच्छ काम गर्ने अवस्था र उनीहरूले हिंसा तथा दुर्व्यवहारको सामना गर्नुपर्ने अवस्थाप्रति समिति चिन्ता प्रकट गर्दछ।

***पक्षराष्ट्रलाई निम्नानुसार गर्न सिफारिस गर्दछ:***

क. वैदेशिक महिला कामदारहरूलाई आफ्नो आर्थिक र सामाजिक अधिकारको पहुँच र प्रचलनको प्रकृयासम्बन्धी पूरापूर सूचना प्रदान गर्न।

ख. गन्तव्य मुलुकसँग दुई पक्षीय सम्झौता गर्ने प्रक्रिया जारी राख्न र वैदेशिक महिला कामदारको अधिकारको सुरक्षार्थ यस सम्झौताको कार्यान्वयन पक्षको निरन्तर अनुगमन गर्न।

## घरेलु हिंसा

२०) घरेलु हिंसा ऐन, २०६६ र घरेलु हिंसा (अपराध तथा सजाय) नियमावली, २०६७ र अन्य उपायहरू लागू भए तापनि विशेष गरी दलित तथा अन्य पिछडिएका वर्गमा घरेलु तथा यौनिक हिंसालगायतका लैङ्गिक हिंसा व्याप्त रहेकोमा समिति चिन्ता व्यक्त गर्दछ। घरेलु हिंसाका पीडितलाई सहयोग, पुनर्वास तथा बासस्थानलगायतका सुरक्षात्मक उपायसम्बन्धी सूचना प्रवाह नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। पीडक विरुद्ध अनुसन्धान, अभियोजन, फैसला र सजाय भएको सूचना उपलब्ध नभएको मा प्रति समिति सरोकार व्यक्त गर्दछ। पक्षराष्ट्रले घरेलु हिंसा कम गर्न सञ्चालन गरेको जनचेतनामूलक अभियानको प्रभावसम्बन्धी सूचना उपलब्ध नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। (धारा १०)

***पक्षराष्ट्रलाई निम्नानुसार गर्न समिति सिफारिस गर्दछः***

क. घरेलु हिंसासम्बन्धी कानुन कार्यान्वयन गर्न;

ख. लैङ्गिक हिंसाका मुद्दाहरू अनुसन्धान, अभियोजन र दोषी ठहर भएको खण्डमा पर्याप्त सजाय दिन;

ग. लैङ्गिक हिंसाका पीडितका उजुरीहरू र उनीहरूको न्यायमा पहुँचमा सहजीकरण गर्नुका साथै कुनै किसिमको बदलाभावबाट सुरक्षा दिन;

घ. कानुन कार्यान्वयन गर्ने अधिकारीलाई घरेलु तथा यौनिक हिँसा लगायतका लैङ्गिक हिंसामा आवश्यक तालिम दिने कार्य कायम राख्न;

ङ. पीडितलाई बासस्थान र सिधा सम्पर्कलगायतका सुरक्षात्मक र पुनर्वासका उपायहरू विकास गर्न;

च. विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्र र पिछडिएका तथा सीमान्तकृत समूहमा महिला अधिकार र लैङ्गिक हिंसाका नकारात्मक असर विरुद्ध जनचेतना फैलाउने अभियान बढाउन;

छ. पीडितलाई पर्याप्त क्षतिपूर्ति र सेवा समेटिएको विधेयक संसद्मा पेश गर्न;

## बालबालिकाको आर्थिक शोषण

२०. पक्षराष्ट्रमा बालश्रम व्याप्त रहेकोमा समिति चिन्ता व्यक्त गर्दछ। बालश्रम ऐन २०५६, बालश्रम नियमावली २०६२ र बालश्रमसम्बन्धी राष्ट्रिय गुरु योजना २०६८-२०७१ लागू भए तापनि न्यूनतमभन्दा कम उमेर भएका

धेरै बालबालिकाहरू कृषि, ढुङ्गा तथा अन्य खानी, घरेलु कामदार र भरिया भई काम गर्ने पाइएकोमा समिति चिन्ता व्यक्त गर्दछ। १४ वर्ष मुनिका बाल श्रमिकलाई रोक लगाउने कानुनको फितलो कार्यान्वयन र पक्षराष्ट्रले सञ्चालन गरेको जनचेतना फैलाउने अभियानको असरका सम्बन्धमा सूचना प्राप्त नभएकोमा समिति चिन्ता व्यक्त गर्दछ।

***बालश्रम विरुद्ध लड्न पक्षराष्ट्रलाई आफ्ना गतिविधि सुदृढ पार्न समिति सिफारिस गर्दछः***

क. बालश्रम निषेध गर्ने कानुन लागू गर्न र दायित्व निर्वाह नगर्नेलाई उत्तरदायी बनाउने ठोस उपाय अवलम्बन गर्न;

ख. गरिब तथा पिछडिएका बालबालिकाको शिक्षामा पहुँच बनाउने लक्षित कार्यक्रम बढाउन;

ग. पिछडिएका परिवार र सामाजिक समूहका बीचमा जनचेतनामूलक अभियान लागू गर्न बालअधिकार र बालश्रमको नकारात्मक दीर्घकालीन असरको विषयमा अभिभावकलाई सुसूचित गर्ने;

घ. बालबालिका संलग्न भएका गतिविधिमा श्रम अनुगमन लागू गर्न,

## बालबालिका तथा मानव बेचविखन

२१. छिमेकी मुलुकलगायतमा श्रम तथा यौनिक शोषणलगायत माग्न, जबर्जस्ती विवाह र दास बनाउने कार्यका लागि उच्च दरमा बालबालिकाको बेचविखन हुने गरेकोमा समिुति चिन्ता व्यक्त गर्दछ। मानव बेचविखन नियन्त्रण ऐन, २०६४ र बालबालिकासम्बन्धी ऐन, २०४८ को फितलो कार्यान्वयनप्रति समिति सरोकार व्यक्त गर्दछ। पीडक विरुद्ध अनुसन्धान, अभियोजन ठहर र सजाय भएको सूचना उपलब्ध नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। (धारा १०)

***विद्यमान कानुनहरूको निम्नलिखित कदममार्फत् प्रभावकारी कार्यान्वयन गर्न पक्षराष्ट्रलाई मिति आह्वान गर्दछः***

क. बेचविखनका मुद्दाहरू अनुसन्धान, अभियोजन र पीडकलाई सजाय गर्ने र पीडितलाई पुनर्स्थापना र क्षतिपूर्ति प्रदान गर्न;

ख. बालबालिकाको खोजतलास तथा उद्धार गर्न काठमाडौँमा रहेको बालबालिका खोजतलास समन्वय केन्द्रजस्ता बेचविखन विरुद्ध लड्ने उपायको विषयमा जनतालाई सुसूचित गर्न;

ग. अन्तर्देशीय बेचविखन रोकथाम गर्न र यसका विरुद्ध लड्न छिमेकी मुलुकसँग समन्वयन विकास गर्न;

घ. मानव बेचविखन विशेषत: महिला र बालबालिका बेचविखन रोकथाम, अन्त्य र सजाय दिलाउने संयुक्त राष्ट्रसङ्घीय अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको महासन्धिको पूरक आलेखको पूर्ण अनुशरण गरी कानुन निर्माण गर्न।

## गरिबी

२२. गरिबी निवारणका कदमहरूलाई सराहना गर्दै पक्षराष्ट्रका २५ प्रतिशत जनता, विशेष गरी सुदूरपूर्व र अत्यन्त पिछडिएका समूह, जस्तै पहाड र तराईका दलित साथै ग्रामीण तथा दुर्गम क्षेत्रका महिला र आदिवासी जनजाति, गरिबीको रेखामुनि रहेकोमा समिति सरोकार व्यक्त गर्दछ। ती समूहले जमिन तथा सम्बन्धित श्रोत, जीविकोपार्जन र आयमूलक गतिविधिमा पहुँच र स्वामित्व नभएका कारणले गरिब रहनु परेको तथ्यप्रति समिति सरोकार व्यक्त गर्दछ। (धारा ११)

*पक्षराष्ट्रलाई निम्नानुसार गर्न समिति सिफारिस गर्दछः*

क. गरिबी निवारण गर्न मानवअधिकारमा आधारित दृष्टिकोण लागू गर्न;

ख. गरिबी निवारण कोषमा, विशेष गरी अत्यन्त सीमान्तकृत तथा पिछडिएका समूह; जस्तै पहाड र तराईका दलित साथै ग्रामीण तथा दुर्गम क्षेत्रका महिला र आदिवासी जनजातिको, गरिबी निवारण गर्ने कार्यक्रम समेटी गतिविधिहरू सुदृढ पार्न;

ग. उल्लेखित समूहको जग्गामा पहुँच र स्वामित्वका साथै आयमूलक गतिविधिलाई सहजीकरण गर्न पक्षराष्ट्रलाई समितिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको मे ४, २००१ को घोषणापत्र (E/c.12/2001/10) विचारार्थ अनुरोध गर्दछ।

## जबर्जस्ती निकाला र बासस्थानको अधिकार

२३. गरिब पिछडिएका र सीमान्तकृतलाई बासस्थानमा पहुँच हुने एकीकृत बसोवास नीति नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। स्वतन्त्र, अग्रिम र पीडितको सुसूचित सहमति, जायज सूचना र पर्याप्त क्षतिपूर्ति

अथवा बासस्थानको अन्य विकल्प विना विकासका परियोजनालगायतका सन्दर्भमा जबर्जस्ती निकालाको प्रतिवेदनप्रति पनि समिति चिन्ता व्यक्त गर्दछ। (धारा ११)

गरिब, सीमान्तकृत तथा पिछडिएका व्यक्ति तथा परिवारलाई बासस्थानमा पहुँच पुऱ्याउन पक्षराष्ट्रले सशक्त घरबास नीति विकास गर्न समिति सिफारिस गर्दछ। पक्षराष्ट्रलाई निम्नानुसार कार्य गर्न पनि समिति सिफारिस गर्दछः

क. निकाला हुन सक्ने अवस्था र सुरक्षा यकिन गर्ने, निकाला अन्तिम उपायका रूपमा मात्र लागू हुने सुनिश्चित गर्ने कानुन निर्माण गर्न;

ख. जबर्जस्ती निकालाका पीडितले बसोवासको विकल्प अथवा क्षतिपूर्ति पाएको सुनिश्चित गर्ने;

***जबर्जस्ती निकालासम्बन्धी साधारण टीप्पणी नं. ७ र विकासमा आधारित निकाला तथा विस्थापनसम्बन्धी आधारभूत सिद्धान्त र निर्देशिकातर्फ समिति पक्षराष्ट्रको ध्यानाकर्षण गर्दछ ।***

## खाद्य अधिकार

२४. खाद्य वस्तुमा उच्च मूल्य वृद्धि हुन गई पक्षराष्ट्रका पिछडिएका तथा सीमान्तकृत व्यक्ति तथा समूहले खरिद गर्न नसक्ने र यसले गर्दा पक्षराष्ट्रमा कुपोषणको अवस्था सृजना भएको अवस्थाप्रति समिति चिन्ता व्यक्त गर्दछ। खाद्य तथा पोषण सुरक्षा योजनाअन्र्तगतका कदमलाई मनन गर्दै नेपालका केही जिल्ला र केही समुदायमा रहेको भोकमरी र खाद्य असुरक्षा विरुद्ध विस्तृत र प्रभावकारी योजना तर्जुमा नभएकोमा समिति सरोकार व्यक्त गर्दछ। (धारा ११)

***पक्षराष्ट्रलाई निम्नानुसार कदमका लागि समिति सिफारिस गर्दछः***

क. भोकमरी विरुद्ध लैङ्गिक दृष्टिकोणबाट विस्तृत मानवअधिकारको आधारमा रणनीति लागू गर्न र सीमान्तकृत र पिछडिएका व्यक्ति तथा समूहको खाद्य सुरक्षा सुनिश्चित गर्न;

ख. गरिबीको संरचनात्मक कारणलाई सम्बोधन गर्न, स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा भोकमरी तथा कुपोषण समावेश गर्न, विशेष गरी भूमिहीन, मोही, कम जग्गा भएका र पिछडिएका तथा सीमान्तकृत व्यक्ति र समुदायका लागि भूमि सुधार तथा वितरण गर्न;

ग. विभेद नहुने प्रकारले खाद्य सहयोगका कार्यक्रमहरू लागू गर्न सार्वजनिक संस्था र अनुगमन निकायको क्षमता अभिवृद्धि गर्न ।

***समिति खाद्य अधिकारसम्बन्धी साधारण टिप्पणी नं. १२ (१९९९) तर्फ पक्षराष्ट्रको ध्यानाकर्षण गर्दछ ।***

## मातृमुत्यु दर र यौन तथा प्रजनन स्वास्थ्य

२५. प्रसुती सेवा तथा नवजात शिशु स्याहारको सुधारमा पक्षराष्ट्रले सकारात्मक हस्तक्षेप गरे तापनि करिब ५ प्रतिशत मातृमुत्यु दरको कारण असुरक्षित गर्भपतन अथवा प्रसवपूर्व अति रक्तस्राव रहेको छ। गर्भपतनको कानुनी मान्यताको विषयमा कम जानकार हुनु र सुरक्षित गर्भपतन सेवा उपलब्ध नहुनुका साथै तालिमप्राप्त स्वास्थ्यकर्मी र पर्याप्त सेवाको कमीले महिला, विशेष गरी ग्रामीण क्षेत्रमा बसोवास गर्ने र पिछ्डिएका र सीमान्तकृत समूहका महिला असुरक्षित गर्भपतन गराउँछन्। पर्याप्त यौन तथा प्रजनन स्वास्थ्य सेवाको कमीले गर्दा ३० वर्ष मुनिका महिलामा पनि पाठेघर खस्ने समस्या व्याप्त रहेकोमा समिति सरोकार व्यक्त गर्दछ। (धारा १२)

***पक्षराष्ट्रलाई निम्नानुसार कदम चाल्न समिति सिफारिश गर्दछः***

क. पक्षराष्ट्रमा गर्भपतनको कानुनी मान्यताको विषयमा विविध अभियान सञ्चालन गर्न;

ख. यौन तथा प्रजनन स्वास्थ्य सेवाका साथै सुरक्षित गर्भपतन सेवामा पहुँच सुनिश्चित गर्न;

ग. स्वास्थ्यकर्मीलाई पर्याप्त तालिम दिन;

घ. जीवन चक्रमा पर्याप्त यौन तथा प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गर्दै महिलाको पाठेघर खस्ने समस्या रोक्ने उपाय अपनाउन र सुत्केरी भएपछि महिलाले आवश्यक आराम गर्न नपाउने कारण गरिबी भएकाले यसको निराकरण गर्न;

ङ. मानवअधिकारमा आधारित पद्धति कार्यान्वयन गरी मातृमुत्यु दर र अस्वस्थता कम गर्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मानवअधिकार उच्चायुक्तको कार्यालयको प्राविधिक सहयोग लिन पक्षराष्ट्रलाई प्रोत्साहित गर्दछ।

## जेष्ठ नागरिक

२६. जेष्ठ नागरिकले सर्वसुलभ स्वास्थ्य सेवा नपाएको र धेरै जनाको लागि स्वास्थ्य सेवा महङ्गो भएकोमा समिति सरोकार व्यक्त गर्दछ।

***पक्षराष्ट्रले जेष्ठ नागरिकको सर्वव्यापी स्वास्थ्य सेवा र सर्वसुलभ स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न समिति सिफारिश गर्दछ । सरकारी अस्पतालमा स्वास्थ्यसम्बन्धी खर्च गर्न जेष्ठ नागरिकलाई प्रति व्यक्ति वार्षिक रु. २,०००/- उपलब्ध गराउने सूचना प्रवाह गर्न पनि पक्षराष्ट्रलाई समिति सिफारिश गर्दछ ।***

## प्राथमिक शिक्षा र बालिकाको पढाइ छाड्ने दर

२७. पक्षराष्ट्रले अनिवार्य प्राथमिक शिक्षाको कानुनी प्रावधान र नि:शुल्क माध्यमिक शिक्षा प्रत्याभूत नगरेकोमा समिति चिन्ता व्यक्त गर्दछ। विशेष गरी प्राथमिक तहबाट माध्यमिक तहमा जाँदा पर्याप्त शौचालयको कमीले बालिकामा स्कूल छोड्ने दर उच्च रहेकोमा समिति सरोकार व्यक्त गर्दछ।

***अनिवार्य प्राथमिक शिक्षा लागू हुने गरी कानुन निर्माण गर्न पक्षराष्ट्रलाई समिति आह्वान गर्दछ । पक्षराष्ट्रलाई निम्नानुसार अन्य सिफारिश गर्दछः***

क. ग्रामीण क्षेत्र र सबैका लागि शिक्षा कार्यक्रम २०१५ को सन्दर्भमा दलित र आदिवासी जनजाति बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्न

ख. माध्यमिक विद्यालय नि:शुल्क बनाउन आवश्यक कदम चाल्न

ग. बालिकाको स्कूल छोड्ने दर सम्बोधन गर्न विद्यालयमा पर्याप्त शौचालयको व्यवस्था गर्न

घ. खासगरी बहुभाषिक क्षेत्रमा मातृभाषामा शिक्षा दिन बहुभाषिक शिक्षा प्रणालीमा आधारित शिक्षा उपलब्ध गराउन कदम चाल्न

## सांस्कृतिक अधिकार

२८. पक्षराष्ट्रले केही आदिवासी जनजाति समूहको पहिचान नगरेका कारणले आफ्नो पुर्ख्यौली जमिन, क्षेत्र र श्रोतमा रहेका आफ्नो सांस्कृतिक अधिकार पूर्ण रूपमा प्रचलन गर्न नपाएको प्रति समिति सरोकार व्यक्त गर्दछ।

*सम्पूर्ण आदिवासी जनजाति समूहले आफ्ना सांस्कृतिक अधिकार प्रचलन गरिरहेका छन् भन्ने सुनिश्चित गर्न आवश्यक पर्ने सबै उपाय अवलम्बन गर्न समिति सिफारिश गर्दछ ।*

### (घ) अन्य सिफारिशहरू

२९. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० हस्ताक्षर र अनुमोदन गर्न समिति पक्षराष्ट्रलाई आह्वान गर्दछ।

३०. प्रस्तुत आवधिक प्रतिवेदन समाजका सबै तह विशेष गरी सांसद्, राष्ट्रसेवक, न्यायिक अधिकारीहरू र नागरिक समाज संस्थामा व्यापक रूपमा जनकारी गराउन र यी सिफारिशहरू कार्यान्वयनका लागि चालिएका कदमहरू आगामी आवधिक प्रतिवेदनमा जानकारी गराउन अनुरोध गर्दछ।

३१. मानवअधिकार सन्धिजनित निकायले पारित गरेको प्रतिवेदनमा सुसङ्गत निर्देशिकाको आधारमा सारभूत अभिलेख पेश गर्न पक्षराष्ट्रलाई निमन्त्रणा गर्दछ।

३२. आगामी आवधिक प्रतिवेदन तयार गर्ने प्रकृया र पेश गर्दा नागरिक समाजसँग संरचनात्मक समन्वय गर्न समिति प्रोत्साहन गर्दछ।

३३. समिति सन् २००८ मा लागू गरेको निर्देशिकाबमोजिम २०७६ मङ्सिर १४ गते (३० नोभेम्बर, २०१९) सम्ममा आफ्नो चौँथो आवधिक प्रतिवेदन पेश गर्न पक्षराष्ट्रलाई समिति अनुरोध गर्दछ।